नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

मौसम पूर्वानुमान महाशाखा

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
DEPARTMENT OF HYDROLOGY & METEOROLOGY
Babarmahal, Kathmandu

# मनसुन विशेष मौसम बुलेटिन (Monsoon Special Weather Bulletin - 1)

(जारी मिति: २०८१/०३/१३ साँझ ०६:०० बजे)

भोलि मिति २०८१-०३-१४ गते देखि आगामी केही दिनमा मनसुनको न्यून चापीय रेखा (Axis of the Monsoon Trough) पूर्ण रूपमा विकसित भई सरदर स्थान भन्दा उत्तरतर्फ (नेपाल नजिक) अवस्थित रहने देखिन्छ । जसका कारण आगामी केही दिन नेपालमा मनसुन थप सक्रिय हुने सम्भावना छ।

मनसुनी वायूको प्रभावले भोलि मिति २०८१-०३-१४ गते शुक्रबार देखि मिति २०८१-०३-१६ गते आइतबारसम्म देशभर साधारण देखि पूर्णतया बदली रही देशका धेरै स्थानहरूमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । साथै गण्डकी प्रदेशका केही स्थानहरूमा, कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा तथा मधेश र कर्णाली प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्ग सहित भारी वर्षाको सम्भावना रहेको छ । गण्डकी र लुम्बिनी प्रदेशको एक-दुई स्थानमा धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ।




तसर्थ भोलि मिति २०८१-०३-१४ गते शुक्रबार देखि मिति २०८१-०३-१६ गते आइतबारसम्म मेघगर्जन/चट्याङ्ग, भारी वर्षा, भू-क्षय, पहिरो तथा गेग्रान बहाव (debris flow) को जोखिम रहेको, शहरी तथा तराई क्षेत्रहरूमा डुवानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जन-जीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकोले आवश्यक पूर्व तयारी गर्नुहुन तथा सतर्कता अपनाउनु हुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा अनुरोध छ।

यस मनसुनी प्रणालीलाई मौसम पूर्वानुमान महाशाखाले निरन्तर अनुगमन गरिरहेको छ र सोही अनुसार नियमित रूपमा अद्यावधिक गर्दै जानेछ। तसर्थ दैनिक रुपमा सबैलाई अद्यावधिक मौसमी सूचनाको जानकारी लिन र यस महाशाखाबाट जारी हुने तीन दिने मौसम पूर्वानुमान बुलेटिन नियमित हेर्नुहुन अनुरोध छ ।


मौसम सम्बन्धि थप जानकारीका लागि सम्पर्क राख्नुहोला
मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौं
फोन: ११५५
Facebook: www.facebook.com/dhmweather
Twitter: www.twitter.com/dhm_weather

नेपाल सरकार

उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

# मौसम पूर्वानुमान महाशाखा

**आगामी तीन दिन (मिति २०८१/०३/१४ गते देखि २०८१/०३/१६ गते) सम्मका लागि मनसुनी बर्षाको जोखिम**

**अद्यावधिक मिति: २०८१/०३/१४ गते**

| जोखिम/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| उच्च जोखिम | ताप्लेजुङ | | मकवानपुर | म्याग्दी | कपिलबस्तु | | |
| | पाँचथर | | चितवन | बाग्लुङ | रुपन्देही | | |
| | संखुवासभा | | | कास्की | पाल्पा | | |
| | तेह्रथुम | | | पर्वत | अर्घाखाँची | | |
| | मोरङ | | | स्याङ्जा | गुल्मी | | |
| | झापा | | | तनहुँ | प्युठान | | |
| | सुनसरी | | | नवलपरासी पुर्व | | | |
| | ईलाम | | | लमजुङ | | | |
| | धनकुटा | | | | | | |
| | भोजपुर | | | | | | |
| मध्यम जोखिम | खोटाङ | सिराहा | सिन्धुपाल्चोक | गोर्खा | रुकुम पुर्व | दैलेख | कैलाली |
| | सोलुखुम्बु | सप्तरी | दोलखा | मनाङ | नवलपरासी पश्चिम | सुर्खेत | कञ्चनपुर |
| | उदयपुर | धनुशा | रामेछाप | | बाँके | सल्यान | डडेलधुरा |
| | ओखलढुङ्गा | बारा | सिन्धुली | | बर्दिया | | डोटी |
| | | पर्सा | | | दाङ | | अछाम |
| | | रौतहट | | | रोल्पा | | |
| | | सर्लाही | | | | | |
| | | महोत्तरी | | | | | |
| निम्न जोखिम | | | काठमाण्डौ | मुस्ताङ | | रुकुम पश्चिम | दार्चुला |
| | | | धादिङ | | | डोल्पा | बैतडी |
| | | | भक्तपुर | | | जाजरकोट | बझाङ |
| | | | ललितपुर | | | कालिकोट | बाजुरा |
| | | | काभ्रे | | | मुगु | |
| | | | नुवाकोट | | | जुम्ला | |
| | | | रसुवा | | | हुम्ला | |


मौसम सम्बन्धि थप जानकारीका लागि सम्पर्क राख्नुहोला

मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौं

फोन: ११५५

Facebook: www.facebook.com/dhmweathe

Twitter: www.twitter.com/dhm_weather


Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
DEPARTMENT OF HYDROLOGY & METEOROLOGY
Babarmahal, Kathmandu